**छथर गाँपालिका**
**गाउँकार्यपाकिको कार्यालय**
**शुक्रवारे, तेह्रथुम**
**१ नं. प्रदेश नेपाल**

**एम्बुलेन्स खरिद/ आपुर्ति सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सुचना।**

(प्रथम पटक प्रकाशित मिति २०७६/०२/२६ गते)

यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलमाउल्लेखीत सावारी साधन सिलवन्दी दरभाउपत्र मार्फतखरिद गनुपर्ने भएकोले इच्छुक उत्पादक कम्पनी वा तिनीहरुका नेपालमा रहेका आधिकारिक बिक्रेता (supplier) हरुका लागि मात्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१। सिलवन्दी दरभाउपत्र खरिद गर्न इच्छुक उत्पादककम्पनी, वा अधिकार प्राप्त आपुर्तिकर्ताले आफ्नो फर्म/व्यवसाय दर्ताको प्रमाण पत्रफर्म व्यवसाय नविकरणको प्रमाण मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,स्थायी लेखा नम्बर (PAN)दर्ताको प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपिका साथमा यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र राजश्व शाखामा रु १०००।०० जम्मा गरेको सक्कल भौचर रसिदका साथ रु १० को हुलाक टिकट टाँसि निवेदन दिन सक्नेछन।

२। खरिद गरिएको सिलवन्दी दरभाउपत्र फारामको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ८औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई सिलवन्दी दरभाउपत्र दर्ता गराउन सकिने छ।

३। सिलवन्दी दरभाउपत्र फाराम साथ जमानत वापतको रकम रु ३३०००/- यस गाउँपालिका गाउ कार्यपालिकाको कार्यालयको नाममा नेपाल बंङ्गलादेश बैंक लि.,शुक्रवारे शाखामा रहेको धरौटी खाता नं. ०५३००००८४१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वैंकवाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको (सिलवन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति देखि)वैक जमानत पेश गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पश्चातकोलाई मान्यता दिइनेछ।

४। दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा ८ औं दिनको २:०० बजे खोलिने छ तर सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीमा सिलवन्दी दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५। प्राप्त सिलवन्दी दरभाउपत्र स्किृत गर्ने वान गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका वा म्याद नाघि आएका वा स्पेसिफिकेसन वाहिरका सिलवन्दी दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन। सिलवन्दी दरभाउपत्रको प्रत्येक आईटमको दररेट भ्याट वाहेक अंक र अक्षरमा प्रष्ट बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेकोमा अक्षरमा लेखेकोलाइ मान्यता दिइने छ।

६। सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलवन्दी दरभाउपत्रमा उल्लेख गरे बमोजिम हुनेछन्।

७। सिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरिनेछ।

८। सिलवन्दी दरभाउपत्र सम्वन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन,२०६३(संशोधित सहित),सार्वजनिकखरिद नियमावली २०६४ (संशोधित सहित)तथा अन्यप्रचलित ऐन कानुन बमोजिमहुनेछ

९। सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने संपुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

१०। सिलवन्दी दरभाउपत्रदाताले वोल सिलवन्दी दरभाउपत्रका साथ सार्वजनिकखरिद नियमावली २०६४को नियम ४० -(ङ) वमोजिम सिलवन्दी दरभाउपत्रदाता सिलवन्दी दरभाउपत्र सम्वन्धि कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्वाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषण पत्रको कागजात अनिवार्य रुपमा समावेश गर्नु पर्ने छ।

११। सिलवन्दी दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र फारमको खाम वाहिर एम्बुलेन्स खरिद/ आपुर्ति सम्वन्धि सिलवन्दी दरभाउपत्र भनि अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ।

१२। सिलवन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागी यस गाउँपालिकाको कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ। साथै विस्तृत स्पेसिफिकेशन सिलवन्दी दरभाउपत्र साथ संलग्न रहने छ।

१३। सिलवन्दी दरभाउपत्र पेश गर्दा प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब छुट्टा छुटै खाममा पेश गर्नु पर्नेछ। साथै सिलवन्दी दरभाउपत्रदाताले सिलवन्दी फाराममा अनिवार्य रुपमा आफ्नो फर्मको आधिकारिक छाप लगाई प्रमाणित गरी आधिकारिक व्यक्तिले सहीछाप गरेको हुनु पर्दछ र वेलपत्र फारममा कुनै पनि शर्त उल्लेख गर्न पाइने छैन।

१४। Techinical Specification बमोजिम नभएका वा म्याद नाघी आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाहीहुने छैन।

| सिलवन्दी दरभाउपत्र/ठेक्का नं. | आपूर्ति गर्ने सवारीसाधनको नाम | संख्या | बोलपत्रफारम दस्तुर रु | जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| CRM -V2-2075/076 | एम्बुलेन्स | १ | १०००/- | ३३०००/- | |

कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत